# ‘भू–राजनीतिको चेपुवामा ऊर्जा’

कारोबार संवाददाता

काठमाडौं, ४ फागुन

नेपालको ऊर्जा क्षेत्रको विकास भू-राजनीतिको चेपुवामा परेको सरोकारवालाहरूले बताएका छन् । बुधबार साउथ एसिया वाटर अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भाइरोमेन्ट (साउती) र इसेटले संयुक्त रूपमा आयोजना गरेको पानी र ऊर्जाको सहकार्यमा पुनर्विचारसम्बन्धी कार्यक्रममा उनीहरूले पानी देशको सुरक्षासँग पनि सम्बन्धित भएकोले भू-राजनीतिको चेपुवाको परेको बताएका हुन् ।

विश्वव्यापी परिवर्तन, जलवायु र आर्थिक अवस्थासँग पानी र ऊर्जाको सम्बन्ध राजनीतिसँग पनि जोडिने भएकोले यसलाई विश्लेषण गरेर अघि बढ्नुपर्ने इसेटका कार्यकारी निर्देशक अजय दीक्षितले बताए । “पानी र ऊर्जा भू-राजनीतिसँग जोडिएको छ, एकीकृत जलस्रोत व्यवस्थापनबारे स्पष्ट हुनु आवश्यक देखिएको छ,” उनले भने ।

नेपाल विद्युत् प्राधिकरणका पूर्व उपकार्यकारी निर्देशक शेरसिंह भाटले जलस्रोत क्षेत्रको विकासका लागि अन्तरक्षेत्रीय समन्वयको संयन्त्र नहुँदा ठूलो समस्या परेको बताए । “जलस्रोत विकासका लागि नेपाल र भारतबीच सन्धीभन्दा पनि विश्वासको वातावरण मुख्य हुन्छ,” उनले भने ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का उपाध्यक्ष कुमार पाण्डेले जलस्रोत विकासको मुद्दा राष्ट्रिय प्राथमिकतामा पर्न नसकेको र सरकार स्वदेशी लगानीकर्तालाई प्रोत्साहन दिनभन्दा विदेशबाट आयात गर्नका लागि बढी सक्रिय रहेको बताए । पत्रकार राजेन्द्र दाहालले ५० वर्षअघिदेखि नेपाल र भारतबीच रहेको जलस्रोत सम्बन्धी सहकार्यको नीति सफल हुन नसकेको बताउँदै ऊर्जा क्षेत्रमा अहिले देखिएको परनिर्भरता अन्त्य गरी आत्मनिर्भरतर्फ उन्मुख हुन अघि बढ्नुपर्ने बताए ।